कर्णाली प्रदेशको पहिलो दैनिक

# कांक्रेविहार

www.kankrebihar.com

राष्ट्रिय दैनिक








राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : २०४ | बिहीवार, २४ वैशाख, २०८३ | Thursday, 7 May 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०


# बहुप्रकोप विपद् प्रतिकार्यका लागि काम गर्दै वीरेन्द्रनगर

**कांक्रेविहार संवाददाता**
सुर्खेत, २३ वैशाख

२०७१ सालमा आएको बाढीले वीरेन्द्रनगर नगरपालिका- ५ सरस्वती टोलकी रीता खत्रीको घरमा क्षति पुग्यो। खोर्के खोला छेउमा रहेको घरमा जसोतसो ज्यान जोगिएपनि आफ्नो थातथलो भने धेरै क्षतिग्रस्त भयो। घर नै नरहेपछि अन्यत्र जाने विकल्प नहुँदा उनीहरू सोही स्थानमा पुनःस्थापित हुन बाध्य भए । रीता खत्रीसँगै सोही टोलका अध्यक्ष ललितबहादुर शाही पनि पुरानै स्थानमा बस्न बाध्य भए। पुनर्निर्माणका क्रममा टोलवासीले खोलाको किनारबाट करिब ६ देखि १० मिटर सुरक्षित दूरी छोडेर घर निर्माण गरे।

खोलामा तटबन्ध गरेपछि करिब ६० घरधुरी रहेको उक्त टोलका स्थानीय वर्षायाममा अहिले तुलनात्मक रूपमा सुरक्षित महसुस गर्छन्। अध्यक्ष शाहीका अनुसार नगरपालिकाले तोकेको मापदण्डअनुसार खोलाका लागि ठाउँ छोडिएपछि जोखिम घटेको छ। उनले भने, 'हाम्रो योबाहेक अन्त केही छैन। यो जग्गाको हामीसँग सेतो लालपुर्जा छ र तिरो पनि तिर्छौं। यदि नगरपालिकाले हामीलाई यही घरजग्गा बराबरको सुरक्षित स्थान उपलब्ध गरायो भने हामी स्थानान्तरणका लागि तयार छौं।'

२०७१ साल साउन अन्तिम साता आएको बाढीले सुर्खेतमा २४ जनाको मृत्यु भयो। वेपत्ता भएका ९१ जनालाई पनि सरकारले मृत घोषणा गऱ्यो। उक्त बाढीबाट एक हजार ४५ परिवार विस्थापित भए। त्यस घटनापछि पनि वीरेन्द्रनगरमा खोला अतिक्रमण गरी बस्ती विस्तार गर्ने प्रवृत्ति पूर्ण रूपमा रोकिएको छैन।

सुर्खेत उपत्यकामा प्रदेश राजधानी बनेपछि वीरेन्द्रनगरमा जनसंख्याको चाप निरन्तर रूपमा बढ्दै गएको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार ३८ हजार तीन सय ७७ घरधुरी रहेको यस नगरपालिकामा अन्य जिल्लाबाट विभिन्न उदेश्यले बसोबास गर्ने नागरिकले खोला अतिक्रमण गरेर बसिरहेका छन्।

वीरेन्द्रनगर नगरपालिका बाढी, पहिरो, डुबान, भूकम्प, आगलागी र खडेरी, डढेलो लगायतका बहुविपद्को उच्च जोखिममा रहेको क्षेत्र हो। विपद् जोखिम न्युनिकरण गर्न नगरपालिकाले आवश्यक नीति निर्माण, दक्ष जनशक्तिको व्यवस्थापन, पूर्वाधार विकास तथा उपकरण तयारीलाई क्रमशः सुदृढ बनाउँदै आएको छ। बाढीको जोखिम न्यूनीकरण गर्न पालिकाले नगरभित्रका आँपखोली, खोर्केखोला, इत्रामखोला र नेवारेखोला लगायतका खोलाहरूको बहाव क्षेत्र व्यवस्थित गर्ने कार्यलाई प्राथमिकतामा राखेको छ। अति जोखिममा रहेका वडा नम्बर १ (आँपखोली), वडा नम्बर १२ (इत्रामखोला र खोर्केखोला) आसपासका बस्ती संरक्षणका लागि तटबन्ध निर्माण गरिएको छ। इत्राम खोलामा गरिएको तटबन्धपछि दुई सयभन्दा बढी घरधुरी प्रत्यक्ष रूपमा सुरक्षित भएका छन्। वीरेन्द्रनगर-७ की मनिषा विक भन्छिन्, 'पहिले वर्षामा रातभर डर लाग्थ्यो, निदाउन सकिन्थेनँ। अहिले तटबन्धपछि सुरक्षित महसुस हुन्छ।'



नगरपालिकाले विपद् जोखिम न्युनिकरण गर्न विपद्सम्बन्धी ऐन, कार्यविधि, कार्ययोजनाका आधारमा पूर्वतयारीका सम्पूर्ण कार्य गरिरहेको छ। कर्णाली प्रदेशमै पहिलो पटक आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी चौबीसै घण्टा सञ्चालनमा ल्याइएको छ, कार्य सञ्चालन केन्द्रका प्रमुख यामलाल गिरीले बताए।

यस्तै, वीरेन्द्रनगर-९, तल्लो पर्सेनीमा बाढी-डुबानको पूर्वसूचना दिने रिमोटबाट चल्ने साइरन जडान गरिएको छ, जसले ६३ घरधुरीलाई प्रत्यक्ष लाभ पुऱ्याएको छ।

नगरपालिकाको कार्यालयमा पनि ध्वनि सुनिने उक्त साइरन निकास खोलामा पानीले खतराको विन्दु पार गर्ने बित्तिकै त्यहाँका स्थानीयले नै बजाउँछन्। यसले कार्यालयबाट उद्धार सामग्रीसहित परिचालन हुन मद्दत पुग्ने गिरीले जानकारी दिए। नगरपालिकाले पूर्वसूचना प्रणाली व्यवस्थापनका साथै उद्धार उपकरण एवं जनशक्तिलाई पनि तयारी अवस्थामा राखेको छ।

आपत्कालीन कार्यसञ्चालन केन्द्रमा मनसुन पूर्वतयारी तथा प्रतिकार्यका लागि रबरबोट २, दमकल २, डोजर २, लाइफ ज्याकेट ८० थान, रबर ट्यूब २० थान, एम्बुलेन्स १, फायर स्टुडइसर ५, फायर बल १० थान, फायर सेफ्टी इक्युपमेन्ट ४ थान तयारी अवस्थामा राखिएको छ। नगरपालिकाले स्वयंसेवक ब्युरो गठन तथा परिचालन निर्देशिकाअन्तर्गत तालिमप्राप्त अग्नि नियन्त्रक १४ जना, द्रुत लेखाजोखा ४१, खोज तथा उद्धारकर्ता २४ र वासटोली १७ जनालाई परिचालन गर्ने तयारी गरिएको छ।

नगरपालिकाले विपद् तयारी तथा प्रतिकार्य कार्यक्रमहरूमा लैङ्गिक समानता, अपाङ्गता समावेशीता तथा सामाजिक समावेशीता (जेड्सी) लाई समेत प्राथमिकतामा राख्दै आएको जनाएको छ। नगरप्रमुख मोहनमाया ढकालले महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा सीमान्तकृत समुदायलाई लक्षित गरी सचेतना तथा क्षमता अभिवृद्धि तालिमहरू सञ्चालन गरिँदै आएको र उनीहरूको सहभागिता सुनिश्चित गर्ने प्रयास भइरहेको बताइन्।

यस्तै, नगरपालिकाले ६५ लाख रुपैयाँको नगरस्तरीय विपद् व्यवस्थापन कोषसमेत बनाएको छ। प्रत्येक विपद्लाई नै मध्यनजर गर्दै वडाले पनि करिब पाँच लाखसम्म छुट्याएको केन्द्रका प्रमुख गिरीले जानकारी दिए। 'विपद्मा पहिले नै छुट्याउने भन्दा पनि आवश्यकताअनुसार विपद्मा सर्ने पनि हुन्छ,' उनले भने, 'विपद पऱ्यो भने त सबै कटाएर भनेपनि विपद् व्यवस्थापनमा लगाउनुपर्ने अवस्था पनि आउँछ नि।'

वरिष्ठ प्रशासकीय अधिकृत प्रकाश पौडेलका अनुसार, खोलानालाको अतिक्रमण र पानी निकास मार्ग साँघुरिनु नै वर्षेनी दोहोरिने डुबान समस्याको प्रमुख कारण हो। 'उपत्यकाको तल्लो खण्डमा अतिक्रमणले खोलानाला साँघुरिदै छन्,' उनले भने,
'माथिल्लो खण्डमा अपवादबाहेक २०-२५ मिटर खोला चौडा
छन्।

तलतिर गएपछि साँघुरा नालामा परिणत हुन पुगेका छन्, डुबानको खतरा निम्त्याउने मुख्य कारण नै यही हो।'

सहरी योजना तथा भवन निर्माण मापदण्ड, २०८१ अनुसार खोला, नदी, कुलो, ताल किनार आसपासमा संरचना बनाउन कडाइ गरिएको छ। प्रस्तावित नयाँ मापदण्डमा नगरक्षेत्रभित्र रहेका खोला, खोल्सी र राजकुलो वा अन्य कुलोको किनारबाट निर्माण गरिने संरचनाको हकमा नक्साबाट कायम रहेको छेउबाट दायाँबायाँ ६ मिटरको दूरी छोड्नुपर्नेछ। तर वीरेन्द्रनगरको सबै खोलाको निकास नै साँघुरो हुँदा तल्लो तटिय क्षेत्र डुबानमा पर्ने गरेको छ।

नगरपालिकाका ढकालले जोखिमयुक्त बस्ती व्यवस्थापनलाई प्राथमिकतामा राखिएको बताइन्।

'खोला अतिक्रमण नियन्त्रण, सुरक्षित स्थानान्तरण र पूर्वसूचना प्रणाली सुदृढीकरण हाम्रो प्राथमिकतामा छन्,' उनले भनिन्, ' दीर्घकालीन समाधानका लागि समन्वयात्मक र दिगो योजना कार्यान्वयनमा हामी प्रतिबद्ध छौं।'

उनले महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको सुरक्षा र सहभागिता सुनिश्चित नगरी विपद् व्यवस्थापन प्रभावकारी हुन नसक्ने भन्दै जेड्सीमैत्री कार्यक्रमहरूलाई प्राथमिकतामा राखिरहेको
बताइन्। वीरेन्द्रनगरमा बहुप्रकोप जोखिम न्यूनीकरणका लागि नगरपालिकाले पूर्वसूचना प्रणालीको सुदृढीकरण, तटबन्ध निर्माण, आपत्कालीन केन्द्र स्थापना तथा दक्ष जनशक्ति तयारीजस्ता महत्वपूर्ण पहलहरू अघि बढाएको छ।

यस्ता प्रयासहरूले तत्कालीन जोखिम व्यवस्थापनमा सकारात्मक प्रभाव पारे पनि दीर्घकालीन, दिगो र प्रभावकारी समाधानका लागि नगर नेतृत्व अझ बढी सशक्त, समन्वयात्मक र कार्यान्वयनमुखी बन्नु आवश्यक देखिन्छ।

यस सन्दर्भमा निर्वाचित जनप्रतिनिधिहरूको भूमिका निर्णायक हुन्छ। उनीहरूले खोला अतिक्रमण नियन्त्रणमा जोखिमयुक्त बस्तीहरूको सुरक्षित स्थानान्तरणलाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

साथै, सहरी योजना तथा भवन निर्माण मापदण्डहरूको कडाइका साथ कार्यान्वयन सुनिश्चित गर्नु र विकास साझेदारहरूसँगको सहकार्यलाई अझ व्यवस्थित तथा परिणाममुखी बनाउनु

बाँकी पृष्ठ ३

# निजामती र स्वास्थ्य सेवाका सबै राष्ट्रिय स्तरका ट्रेड युनियनहरू खारेज

**कांक्रेविहार संवाददाता**
काठमाडौं, २३ वैशाख

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहतको श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले एक सार्वजनिक सूचना जारी गर्दै नेपालका सबै राष्ट्रिय स्तरका निजामती कर्मचारी र स्वास्थ्य सेवाका कर्मचारीका ट्रेड युनियनहरू खारेज गरिदिएको छ।

सरकारले हालै जारी गरेको नयाँ अध्यादेशको जगमा विभागले बुधबार यस्तो निर्णय लिएको हो। यो खारेजी निजामती सेवा ऐन, २०४९ (दोस्रो संशोधन, २०६४) र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन, २०७०) अन्तर्गत विभागमा दर्ता भई क्रियाशिल
रहेका सम्पूर्ण राष्ट्रिय स्तरका ट्रेड युनियनहरूको हकमा लागू भएको छ। सरकारले जारी गरेको संवत् २०८३ सालको अध्यादेश नम्बर ७ 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश' को व्यवस्थालाई मुख्य कानुनी




आधार बनाएर यी युनियनहरूको दर्ता खारेज गर्ने निर्णय गरिएको विभागका प्रवक्ता इन्जिनियर मणिनाथ गोपले जानकारी दिएका छन्।

यस निर्णयसँगै निजामती सेवा ऐनको दफा ५३ को उपदफा (२) बमोजिम दर्ता भई लामो समयदेखि कर्मचारी राजनीतिमा सक्रिय रहेका प्रमुख युनियनहरूको अस्तित्व समाप्त भएको छ। खारेजीमा पर्ने राष्ट्रिय स्तरका निजामती कर्मचारी संगठनहरूमा नेपाल निजामती कर्मचारी संगठन (दर्ता नम्बर २१४), नेपाल निजामती कर्मचारी युनियन (दर्ता नम्बर २१५), नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन (दर्ता नम्बर २२१), नेपाल मधेशी निजामती कर्मचारी मञ्च (दर्ता नम्बर २३१), नेपाल स्वास्थ्यकर्मी संघ (दर्ता नम्बर २७२), मधेशी स्वास्थ्यकर्मी फोरम नेपाल (दर्ता नम्बर २८४), एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल (दर्ता नम्बर ५२३) र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन, नेपाल (दर्ता नम्बर ५७०) रहेका छन्।

यसैगरी, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९२ क (१) बमोजिम दर्ता भएर स्वास्थ्य क्षेत्रमा क्रियाशिल रहेका राष्ट्रिय स्तरका ट्रेड युनियनहरू पनि खारेजीमा परेका छन्। यसरी खारेज हुने स्वास्थ्यकर्मीका युनियनहरूमा नेपाल स्वास्थ्यकर्मी युनियन (दर्ता नम्बर ३६०), स्वास्थ्यकर्मी युनियन नेपाल (दर्ता नम्बर ३६१), राष्ट्रिय स्वास्थ्यकर्मी संघ, नेपाल (दर्ता नम्बर ३६४) र राष्ट्रिय प्रगतिशिल स्वास्थ्यकर्मी संगठन (दर्ता नम्बर ५५२) रहेका छन्।

सरकारले एकैपटक देशका प्रमुख राजनीतिक दलहरूसँग आस्था राख्ने र वर्षौंदेखि कर्मचारी प्रशासनमा बलियो पकड जमाएका ट्रेड युनियनहरू खारेज गरेपछि यसले प्रशासनिक र राजनीतिक वृत्तमा नयाँ तरंग पैदा गरिदिएको छ। कतिपयले यस कदमलाई कर्मचारीतन्त्रमा हुने अनावश्यक राजनीतिक हस्तक्षेप रोक्ने प्रयासका रूपमा हेरेका छन् भने कतिपयले यसलाई कर्मचारीहरूको संवैधानिक अधिकारमाथिको प्रहार भन्दै विरोध सुरु गरेका छन्।

# २६ सयभन्दा बढी घर-टहरा ध्वस्त, १५ हजार नागरिक विस्थापित

**कांक्रेविहार संवाददाता**
काठमाडौं २३ वैशाख

नदी किनारका सुकुमबासी बस्तीमा सरकारले विकल्प नै नदिई शुरु गरेको हस्तक्षेपकाक्रममा दुई हजार छ सय ८७ वटा घर-टहराहरू पूर्ण रूपमा भत्काइएको छ। वैशाख १२ गतेदेखि सरकारको निर्देशनमा काठमाडौं उपत्यकाका नदी किनारका बस्ती हटाउने सुरक्षाकर्मी परिचालित थिए।

सुरक्षाकर्मीको दबाबमा काठमाडौंका विभिन्न स्थानका सुकुमबासी बस्तीका आठ सय ९० वटा पक्की र १ हजार ७ सय ९७ वटा कच्ची घर-टहरा भत्काइएको छ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंको विवरण अनुसार सुकुमबासी बस्तीमा सरकारले डोजर लाएसँगै २ हजार ५ सय १ परिवार विस्थापित भएका छन्।

१५ हजार तीन सय १६ जना व्यक्तिहरू ती बस्तीहरूबाट ओतविहीन भएको तथ्याङ्कले देखाएको छ। जसमा छ हजार आठ सय ५८ महिला र पाँच हजार ३ सय २५ पुरुष, एक हजार चार सय ३७ बालक र एक हजार छ सय ९६ बालिका छन्।

गैरीगाउँ क्षेत्रमा सबैभन्दा बढी आठ सय ७८ वटा घर-टहरा भत्काइएको छ। बल्खुका चार सय ८०, बालाजुका दुई सय १९, वंशिघाटका दुई सय पाँच र थापाथलीका एक सय ४३ घर/टहरा भत्काईएका छन्।

कालोपुल, शंखमुल, कालीमाटी, स्वयम्भु, गौशाला, धोविखोला, तेन्जिङचोक, कृष्णमन्दिर र कपन क्षेत्रका सुकुम्बासी बस्तीहरूमा पनि डोजर चलाइएको विवरणमा उल्लेख छ प्रशासनको तथ्याङ्कमा काठमाडौंका नदी किनारका सबै सुकुमबासी बस्तीका घर-टहराहरू भत्काइएको उल्लेख छ।

सरकारले तत्कालका लागि अव्यवस्थित बसोबासी र सुकुमबासी बस्तीमा डोजर चलाउने अभियान रोकेको दाबी गरेको छ।

# सिंहदरबारभित्रको क्यान्टिनलाई २ लाख ५ हजार जरिवाना




**कांक्रेविहार संवाददाता**
काठमाडौं, २३ वैशाख

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले सिंहदरबारभित्र सञ्चालित एक क्यान्टिनलाई २ लाख ५ हजार रुपैयाँ जरिवाना गरेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको परिसरमा रहेको 'हाम्रो खाजा घर' ले म्याद नाघेको दही बिक्री गरेको फेला परेपछि विभागले उक्त कारबाही गरेको हो ।

विभागका अनुसार उपभोक्ताको गुनासो र उजुरीका आधारमा बुधबार (२०८३/०१/२३ गते) गरिएको आकस्मिक अनुगमनका क्रममा उक्त खाजा घरमा म्याद गुज्रिएको दही फेला परेको थियो ।

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३८ (ङ) बमोजिमको कसुर गरेको देखिएकाले सोही ऐनको दफा ३९ (१) (ख) अनुसार २ लाख ५ हजार रुपैयाँ जरिवाना गरिएको विभागले जनाएको छ ।

जरिवानाका साथै विभागले उक्त दहीको उत्पादक 'श्री कृष्ण डेरी फर्म' लाई आफ्नो व्यवसाय दर्ता प्रमाण पत्र पेस गर्न निर्देशन दिएको छ । यस्तै, 'हाम्रो खाजा घर' लाई उक्त दही खरिद गरेको बिक्री बिलसहित ३ दिनभित्र विभागमा उपस्थित हुन समेत आदेश दिइएको छ ।

सरकारी मुख्य प्रशासनिक केन्द्र सिंहदरबारभित्रै अखाद्य वस्तुको बिक्री वितरण भएको भेटिएपछि विभागले अनुगमनलाई थप कडाइ गर्ने सङ्केत गरेको छ।

सम्पादकीय

# नीति र दृष्टिकोणमा सुधार अपरिहार्य

कर्णालीका दुर्गम हिमाली भेगका स्थानीय तहहरूले फेरि एकपटक विकासको आधारभूत प्रश्न उठाएका छन् । किनकी हाम्रो वित्तीय समानीकरण प्रणाली साँच्चै "समानीकरण" गर्ने खालको छ, वा उल्टै असमानता बढाउने साधन बन्दै गएको छ ? भन्ने । आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कर्णाली प्रदेश सरकारले निर्धारण गरेको वित्तीय समानीकरण अनुदानको सिलिङ हेर्दा, दुर्गम र न्यून जनसंख्या भएका स्थानीय तहहरू स्पष्ट रूपमा पछाडि परेका छन् । डोल्पा, मुगु र हुम्लाजस्ता हिमाली जिल्लाका गाउँपालिकाहरूले न्यूनतम स्तरको अनुदान पाउँदा, तुलनात्मक रूपमा सुगम र जनसंख्या धेरै भएका क्षेत्रहरूले बढी हिस्सा ओगटेका छन् । यसले नीति निर्माणको आधारमै प्रश्न खडा गर्छ । वित्तीय समानीकरण अनुदानको मूल उद्देश्य भनेको स्रोत–साधनको असमानता घटाउनु हो । जहाँ आम्दानी कम छ र सेवा प्रवाहको लागत बढी छ, त्यहाँ बढी सहयोग पुग्नुपर्ने हो । तर व्यवहारमा यसको ठीक उल्टो भइरहेको देखिन्छ । जनसंख्यालाई अत्यधिक प्राथमिकता दिने सूत्रले भौगोलिक विकटता, पहुँचको कठिनाइ, र सेवा वितरणको वास्तविक लागतलाई बेवास्ता गरेको छ । कर्णालीका हिमाली गाउँपालिकामा एउटा सामान्य सेवा पुऱ्याउन लाग्ने लागत सुगम क्षेत्रको तुलनामा धेरै गुणा बढी हुन्छ । सडक अभाव, कठिन भूगोल, मौसमी अवरोध र सीमित पूर्वाधारले गर्दा विकासको लागत उच्च हुन्छ । यस्तो अवस्थामा कम जनसंख्या भएको आधारमा अनुदान घटाउनु न्यायोचित देखिँदैन ।

भौगोलिक रूपमा विकट र जनसंख्या कम भएका कर्णालीका हिमाली जिल्ला स्थित स्थानीय तहहरूमा वित्तीय समानीकरण अनुदानको हिस्सा न्यून देखिएको छ । कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रदेशका ७९ वटै स्थानीय तहका लागि वित्तीय समानीकरण अनुदानको बजेट सिलिङ निर्धारण गरेको छ । प्रदेश सरकारले जनसंख्या, भूगोल र विकासको अवस्थालाई आधार मानी स्थानीय तहहरूलाई अनुदानको बाँडफाँट गरेको जनाएको छ । तर भौगोलिक रूपमा विकट र जनसंख्या कम भएका कर्णालीका हिमाली जिल्ला स्थित स्थानीय तहहरूमा वित्तीय समानीकरण अनुदानको हिस्सा न्यून छ । जसमा आठ स्थानीय तह रहेको डोल्पामा पालिकाहरूको अनुदान सिलिङ निकै कम छ । डोल्पाको छार्कताङसोङ गाउँपालिकाले ४५ लाख ६२ हजार मात्रै पाउँदा वीरेन्द्रनगर नगरपालिकाले सबैभन्दा धेरै तीन करोड पाउने छ । कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐनमा रहेको यही विभेदकारी नीतिले गरिब पालिकामा जानुपर्ने अनुदान धनी पालिकामा केन्द्रित भइरहेको छ । कर्णालीका दुर्गम तथा हिमाली जिल्लामा अवस्थित स्थानीयतहलाई भूगोलका आधारमा नभई जनसंख्याका आधारमा अनुदान दिइँदा सुगम र दुर्गमबीच विकासमा ठूलो असन्तुलन भइरहेको छ ।

विकासको मापन केवल जनसंख्याले मात्रै होइन, आवश्यकता र चुनौतीले निर्धारण गर्नुपर्छ । अर्कोतर्फ, वीरेन्द्रनगरजस्ता शहरी र तुलनात्मक रूपमा सम्पन्न स्थानीय तहले उच्च अनुदान पाउनुका कारण जनसंख्या र सेवा माग बढी हुनु हो । तर प्रश्न उठ्छ, के यसले गरिब र दुर्गम क्षेत्रको विकासलाई प्राथमिकता दिएको छ ? यदि वित्तीय समानीकरणको लक्ष्य क्षेत्रीय सन्तुलन हो भने, अहिलेको वितरण प्रणाली त्यो लक्ष्यबाट टाढा देखिन्छ । नीतिगत रूपमा हेर्दा, कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐनमा रहेको सूत्र पुनरावलोकनको खाँचो स्पष्ट छ । भूगोल, पहुँच, पूर्वाधारको अवस्था, मानव विकास सूचकांकजस्ता पक्षलाई बढी भार दिनु जरूरी छ । नत्र, समानीकरणको नाममा असमानता झन् गहिरिने जोखिम रहन्छ । किनकी विकासको असली मापदण्ड भनेको सबैभन्दा पछाडि परेको क्षेत्र कति अघि आयो भन्ने हो । यदि कर्णालीका दुर्गम बस्तीहरू अझै पनि आधारभूत सेवाबाट वञ्चित छन् भने, हाम्रो वित्तीय नीति सफल भन्न सकिँदैन । समानीकरण अनुदानले केवल बजेट बाँडफाँट होइन, न्यायपूर्ण विकासको आधार तयार गर्नुपर्छ । र त्यसका लागि नीति, प्राथमिकता र दृष्टिकोण तीनै तहमा सुधार अपरिहार्य छ ।

# विकासको नाममा गरिबमाथि राज्यको भद्दा मजाक



✍ डा. प्रकाश भट्टराई

अनेक वाचा तथा निर्वाचन घोषणापत्र लोकतान्त्रिक भनिएका पार्टीले सत्तारोहणलगत्तै बिर्सिएका प्रशस्त उदाहरणहरू नेपालमा मात्रै होइन, संसारका अन्य मुलुकमा पनि पाइन्छ । सार्वभौम जनताको मतबाट सत्तामा पुगेको केही समयपछि नै सरकारहरू तिनै मतदाताको अधिकार विभिन्न नाम अनि स्वरूपमा खोस्न पछि पर्दैनन् ।

विशेषतः 'विकास,' 'सफा शहर,' 'अतिक्रमण हटाउने' वा 'कानुनको पालना'का नाममा राज्यसत्तासँग कम पहुँच भएका निमुखामाथि सुरक्षा संयन्त्रको परिचालनमार्फत हुने दमन अनि बाध्यकारी विस्थापनको शृंखला नेपालमा मात्र होइन, विश्वभरका धेरै लोकतान्त्रिक देशहरूमा देखिएको कटु यथार्थ हो ।

श्रमिक वर्गको नाममा सत्तामा आएको ब्राजिलको लुला र दिल्मा रुसेफको सरकारले अमेजनको बेलो मोन्टे जलविद्युत् आयोजनाको नाममा हजारौँ आदिवासी र नदी किनारका समुदायलाई जबर्जस्ती विस्थापित गरेको थियो । तेल उत्खननको विरोधमा आन्दोलनरत अमेजनका आदिवासी समुदायविरुद्ध पेरुका राष्ट्रपति आलान गार्सियाको सरकारले बल प्रयोग गर्दा सन् २००९ को बागुआ घटनामा दर्जनौँ मानिस मारिए ।

फिलिपिन्सका पूर्वराष्ट्रपति डुटेर्टेले ड्रग्स माफिया सफायाको नाममा हजारौँ नागरिकको ज्यान लिएको आरोप लागेको छ । भारतमा नर्मदा बाँधलगायत दर्जनौँ विकास आयोजनाहरूको नाममा आदिवासी समुदायलाई दशकौँदेखिको थातथलोबाट लखेट्ने काम भइरहेको छ भने उनीहरूका शान्तिपूर्ण आन्दोलनहरूमाथि पुलिसद्वारा बल प्रयोग गरिएको छ ।

अफ्रिकामा पनि यो तस्वीर फरक छैन । युगान्डामा निर्वाचित सरकारले विदेशी लगानीकर्ताहरूलाई जमिन दिन मुबेन्दे र किबोगा जिल्लाका हजारौँ किसान परिवारलाई पुलिस र सेनाको सहायतामा उठाउने काम गऱ्यो र यो कार्यलाई 'आधुनिकीकरण र लगानी प्रवर्द्धन'को नाम दिइयो ।

कोलम्बियामा निर्वाचित सरकारहरूले सैन्य र अर्धसैनिक बल परिचालन गरेर अफ्रो-कोलम्बियाली र आदिवासी समुदायलाई खनिज र कृषि उद्योगका लागि उपयुक्त भूमिबाट हटायो र त्यसलाई 'विद्रोही सफाया'को नाम दिइयो । बंगलादेशमा चिटागाउँ पहाडी क्षेत्रका जुम्मा समुदायविरुद्ध निर्वाचित सरकारहरूले दशकौँसम्म 'पिछडिएको क्षेत्रको विकास'लाई जायज ठहऱ्याउँदै सुरक्षा बल परिचालन गरे ।

यद्यपि, यी घटनाहरू फरक-फरक देशहरूका हुन्, तिनमा एक साझा प्रवृत्ति स्पष्ट रूपमा देखिन्छ- कानुनी आवरणको प्रयोग, सुरक्षा बलको परिचालन तथा गरिब र शक्तिहीन समुदायहरूको व्यवस्थित विस्थापन ।

अझ गम्भीर पक्ष भनेको, यी कुनै पनि मुद्दामा सम्बन्धित नागरिकसँग राज्यले साँचो, समावेशी र समाधानमुखी संवाद स्थापना गर्ने प्रयास नै गरेनन् । यस्ता निर्णयहरू प्रायः माथिल्लो तहबाट एकतर्फी रूपमा गरिए र त्यसको कार्यान्वयन निमुखा समुदायहरूमा थोपर्ने शैलीमा अघि बढाइयो, जसले राज्य-नागरिक सम्बन्धमा विश्वासको खाडल थप गहिरो बनाएको देखिन्छ । नेपालमा अहिले यही कथाको पुनरावृत्ति हुँदै छ ।

काठमाडौं उपत्यकाको विकास तथा सौन्दर्यीकरणका नाममा पछिल्लो समय भइरहेका गतिविधिहरूले राज्यको दायित्व र नागरिकका अधिकारबीचको दूरीलाई थप स्पष्ट बनाइरहेका छन् । सडक विस्तार वा वातावरणीय सुधार जस्ता औचित्य प्रस्तुत गरिए पनि व्यवहारमा भने मानिसहरूलाई उनीहरूको थातथलोबाट जबर्जस्ती हटाउने क्रम बढ्दो छ ।

यस प्रकारको हस्तक्षेप केवल भौतिक संरचना हटाउने कार्यमा सीमित छैन, यसले प्रभावित व्यक्तिहरूको जीविकोपार्जन, सामाजिक मर्यादा तथा मानवीय गरिमामाथि गहिरो असर पारेको छ । परिणामतः विकासको नाममा गरिने यस्ता कदमहरूले समावेशी र मानवअधिकारमैत्री दृष्टिकोणको अभावलाई उजागर गर्दै, राज्य र नागरिकबीचको सम्बन्धमा गम्भीर प्रश्न खडा गरिरहेका छन् । अन्तर्राष्ट्रिय मानवअधिकारको मान्यताअनुसार प्रत्येक नागरिकले उचित आवासको अधिकार पाउनुपर्छ संयुक्त राष्ट्रसंघका विभिन्न सन्धिहरूका अनुसार नागरिकलाई उनीहरूको सहमति र विकल्पबिना घरबारविहीन बनाइनु मानवअधिकारको उल्लंघन हो । यदि कुनै ठूलो विकास योजनाका लागि बस्ती हटाउनै परेमा पनि त्यसको एउटा निश्चित विधि हुन्छ । जस्तै; प्रभावित समुदायसँग अर्थपूर्ण छलफल गर्ने, पर्याप्त समय दिएर सूचना दिने, उनीहरूलाई बस्नका लागि अर्को ठाउँको व्यवस्था गर्ने र कानुनी उपचारको मौका दिने । तर, काठमाडौंमा भइरहेका विस्थापनहरूमा यी प्रक्रियाहरू खासै अपनाइएको देखिँदैन, जसले गर्दा राज्यको भूमिकामाथि नै प्रश्न उठेको छ ।

नेपालको संविधानले पनि प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक सुनिश्चित गरेको छ । संविधानको मर्मअनुसार राज्यको काम नागरिकलाई घरबारविहीन बनाउनु होइन, बरु उनीहरूलाई सुरक्षित बासस्थान उपलब्ध गराउनु हो । विस्थापनको मारमा विशेष गरी महिला, बालबालिका, वृद्धवृद्धा र आर्थिक रूपमा कमजोर समुदायहरू बढी पर्ने गर्छन् । उनीहरूको रोजगारी गुम्ने, बालबालिकाको विद्यालय छुट्ने र सामाजिक सुरक्षा टुट्नेजस्ता गम्भीर समस्याहरू यसले निम्त्याउँछ ।

वास्तवमा, विकास भनेको मानवीय उन्नति र मानिसको जीवनस्तर सुधार्ने माध्यम हुनुपर्छ यदि विकासकै नाममा नागरिकको आधारभूत अधिकार खोसिन्छ भने त्यसलाई न्यायपूर्ण विकास भन्न सकिँदैन । यस्तो कार्यले समाजमा असन्तोष र असमानता मात्र बढाउँछ । त्यसैले, काठमाडौंको शहरी विकासलाई अगाडि बढाउँदा राज्यले आफ्नो शैली बदल्न आवश्यक छ । बल प्रयोग गरेर बस्ती खाली गराउनुको सट्टा प्रभावित नागरिकसँग संवाद गर्ने र उनीहरूको सम्मानजनक पुनर्स्थापना गर्ने बाटो अपनाउनुपर्छ । विकास र मानवअधिकारलाई सँगै लैजान सकियो भने मात्रै त्यो दिगो र अर्थपूर्ण हुनेछ । अन्यथा, अधिकार खोसेर गरिएको विकासले मानवीय गरिमालाई कहिल्यै सम्बोधन गर्न सक्दैन ।

काठमाडौं उपत्यकाका तीनवटा बस्तीबाट भूमिहीन र सुकुम्बासी परिवारहरूलाई हटाउन र त्यहाँ निर्मित संरचना हटाउन सुरक्षाकर्मी र डोजर परिचालन गरियो । यो कुनै आकस्मिक निर्णय थिएन । काठमाडौंका मेयर हुँदा नै बालेनले यी बस्तीहरू हटाउने प्रयास गरेका थिए, तर त्यतिबेला संघीय सरकारको समर्थन नपाउँदा उनको प्रयास सफल हुन सकेको थिएन ।

अहिले उनी संघीय सरकारको नेतृत्वमा आए । त्यो अधुरो प्रयास पूरा गर्ने ठाउँमा छन् । बहुमतप्राप्त सरकारको शक्ति र राज्यको सुरक्षा संयन्त्र आफ्नै हातमा रहँदा, वर्षौंदेखि उनको मनमा गडेर रहेको एजेन्डा अगाडि बढाउन सजिलो भएको छ र त्यही भइरहेको छ, जुन अपेक्षित नै थियो ।

**संवादको ठाउँमा सुरक्षा बल**

लोकतान्त्रिक शासनको मर्म बल होइन, संवाद हो । सरकारले आफ्नो निर्णय लाद्ने होइन, प्रभावित जनतासँग छलफल गरेर बाटो खोज्ने हो । तर, काठमाडौंका सुकुम्बासी बस्तीबासीले अहिलेसम्म संवादको अवसर नै पाएनन् । बालेनले न त मेयर हुँदा छलफल र संवाद गरे, न त अहिले नै । प्रकाशित समाचारहरूका अनुसार सुरक्षा निकायका प्रमुखहरूसँग पाँच मिनेट बैठक गरेका बालेनले सुकुम्बासी बस्ती खाली गर्न निर्देशन दिएका थिए । त्यसलगत्तै घोषणाहरू भए, अल्टिमेटम आए र अन्त्यमा डोजरसहित सुरक्षाकर्मी आए । हेर्दा शान्तिपूर्णजस्तो विस्थापन देखिए पनि सुकुम्बासी शासकको डर र भयले त्रस्त देखिन्थे ।

यदि कुनै ठूलो विकास योजनाका लागि बस्ती हटाउनै परेमा पनि त्यसको एउटा निश्चित विधि हुन्छ । त्यस्ता विधिहरू खासै अपनाइएको देखिँदैन, जसले गर्दा राज्यको भूमिकामाथि नै प्रश्न उठेको छ ।

कुनै प्रत्यक्ष मानवीय क्षति नभए पनि समाचारमा आएका फोटोहरू हेर्दा उक्त क्षेत्रहरू बमले ध्वस्त पारेको कुनै युद्धग्रस्त ठाउँभन्दा कम देखिएन । विस्थापितहरूलाई छानबिनका आधारमा पुनर्स्थापित गर्ने त भनिएको छ, तर बीसौँ वर्षदेखि आफू बसेको ठाउँमा सयौँ हतियारधारी सुरक्षाकर्मीहरूको बलमा डोजर चल्दा, रातारात उक्त स्थानबाट निस्केर हिँड्नुपर्दा, अनि फेरि अर्को बस्ने स्थानको सुनिश्चितता नहुँदा, त्यसले उनीहरूमा पारेको मानसिक आघात र छरपस्ट हुने सामाजिक सम्बन्धका बारेमा सरकारलाई मतलब भएको देखिएन । बरु सरकार समर्थकहरू सरकारको जयगान गरिरहेका छन् । उनीहरूको कुरा सुन्दा लाग्छ, यो देशको विकास तथा समृद्धिको बाधक केही सय सुकुम्बासी हुन् ।

अहिले होल्डिङ सेन्टरमा राखिएका परिवारहरू भयमा छन् । उनीहरूको भविष्य के हुन्छ, कहाँ जाने, केही थाहा छैन । यो अनिश्चितता मानवीय संकट हो र यस्तो संकटको सामना गर्न राज्यसँग हुनुपर्ने हतियार सुरक्षाबल होइन, संवेदनशीलता र संवाद हो ।

एक अध्ययनको सिलसिलामा केही महिनाअघि मनोहरा, सिनामंगल, अनि थापाथली क्षेत्रका सुकुम्बासी बस्तीमा बसोबास गरिरहेका करिब ५० जनाभन्दा बढी परिवारहरूसँग उनीहरू त्यहाँ बस्नुको कारण र अन्य विविध विषयमा लामो छलफल गर्ने अवसर मिलेको थियो । उक्त क्षेत्रहरूमा बसोबास गरिरहेका मध्ये धेरैजसो सशस्त्र द्वन्द्व (२०५२-२०६३) ताका आफू र आफ्नो परिवारको ज्यान जोगाउन थातथलो छोडेर आन्तरिक रूपमा विस्थापित भएका रहेछन् । सरकारले उनीहरूलाई अमानवीय ढंगले अनि राज्य आतंकको चरम रूप देखाएर आफ्नो बीसौँ वर्षदेखि जेनतेन बसिरहेको ठाउँबाट फेरि विस्थापित गराएको छ ।

**नक्कली सुकुम्बासी'को भाष्य र सामूहिक आवाजमाथि प्रहार**

यो अभियानका क्रममा सरकार र सरकार समर्थकले बस्तीबासीहरूलाई 'नक्कली सुकुम्बासी' वा 'अतिक्रमणकारी'का रूपमा चित्रित गर्ने गरेका छन् । यसो गर्दा विस्थापितहरूको पीडाप्रति सार्वजनिक सहानुभूति घट्छ र सरकारी कारबाहीलाई जायज ठहऱ्याउन सजिलो हुन्छ । तर, भूमि समस्याको जड राज्यकै असफलताको कारक हो । सरकारको दूरदर्शिताको अभावका कारण भूमिहीनहरूको प्रभावकारी पुनर्वास हुन नसकेकोमा दुई मत छैन ।

यद्यपि, सरकारले भुइँ तहका नागरिकसँग प्रत्यक्ष संवाद नगर्ने, उनीहरू बसोबास गरिरहेको अवस्थाको यथार्थ विश्लेषण नगर्ने, सुकुम्बासी बस्तीहरू किन शहरी विकासका बाधक मानिन्छन् भन्नेबारे सार्वजनिक अध्ययन प्रस्तुत नगर्ने, तथा कति वास्तविक र कति तथाकथित् 'नक्कली' सुकुम्बासी छन् भन्ने विश्वसनीय तथ्यांकसमेत सार्वजनिक गरेको देखिएन । यसको सट्टा, 'सरकारी जग्गा अतिक्रमण भयो' भन्ने एकोहोरो भाष्य दोहोऱ्याइरहने प्रवृत्तिले सरकार आफैंभित्र सीमित सोचमा अल्झिएको र अन्य पक्षका आवाज सुन्न अनिच्छुक रहेको संकेत गर्छ ।

# माया कि जिम्मेवारी: सन्तानपछि किन बदलिन्छ दाम्पत्य सम्बन्ध ?

*"आत्म-हेरचाह कुनै विलासिता वा स्वार्थ होइन, यो सम्बन्धलाई जोगाउने आधारभूत आवश्यकता हो । आफ्नो शरीरलाई आराम दिनु, पर्याप्त निद्रा लिनु, आफ्ना रूचिका गतिविधिमा समय दिनु, साथीभाइसँग खुला रूपमा कुरा गर्नु, वा केही समय आफूलाई मात्र समर्पित गर्नु, यी सबै आत्म-हेरचाहका साना तर प्रभावकारी अभ्यास हुन् ।*



✍ प्रतिमा लामा

"बच्चा जन्मिएपछि तपाईंहरू नजिकिनुभयो कि टाढिनुभयो?" यो प्रश्न धेरै दम्पतीका लागि असहज हुन सक्छ, तर यथार्थ के हो भने सन्तानको आगमनसँगै सम्बन्धहरू बिस्तारै परिवर्तन हुँदै जान्छन्, कहिलेकाहीँ नजिकिँदै, तर धेरै अवस्थामा चुपचाप टाढिँदै ।

विवाहको सुरुवाती दिनहरूमा दम्पतीबीचको भावनात्मक न्यानोपन, आकर्षण र निरन्तर संवाद नै सम्बन्धको आधार हुन्छ, तर घरमा बच्चाको आवाज गुञ्जिन थालेपछि प्राथमिकताहरू बदलिन्छन् र पति-पत्नीबीचको संवाद "आज कस्तो छ?" बाट "बच्चा सुत्यो?" मा सीमित हुन थाल्छ । माया हराउँदैन, तर व्यक्त हुन भने छोड्छ ।

यस परिवर्तनलाई धेरैले सामान्य रूपमा लिन्छन्, तर समयसँगै यही मौन दूरीले सम्बन्धमा गहिरो असर पार्न थाल्छ । जब दम्पतीबीचको संवाद केवल जिम्मेवारीमा सीमित हुन्छ, तब भावनात्मक जोडिने ठाउँ खाली हुँदै जान्छ । एकअर्कालाई बुझ्ने, सुन्ने र साथ दिने क्षणहरू घट्दै जान्छन्, जसले सम्बन्धलाई औपचारिक बनाउँदै लैजान सक्छ । वास्तवमा, सम्बन्धलाई जोगाउन माया मात्र पर्याप्त हुँदैन, त्यसलाई व्यक्त गर्ने समय, ध्यान र सचेत प्रयास पनि उत्तिकै आवश्यक हुन्छ ।सन्तान केन्द्रित जीवन र हराउँदै गएको 'हामी' सन्तान सानो हुँदा अभिभावकको सम्पूर्ण ध्यान आफ्नो बच्चाको हेरचाहमा केन्द्रित हुनु स्वाभाविक नै हो, तर यहीँबाट दाम्पत्य सम्बन्ध ओझेलमा पर्न थाल्छ ।

विशेषगरी सन्तान हुर्काउनु साझा जिम्मेवारी भई 'हामी' हुनु पर्नेमा यो आमा र बाबाको 'म / म' मा बदलिँदै 'एक्लो जिम्मेवारी' जस्तो बन्न पुग्छ, त्यतिबेला उपेक्षा, थकान र गुनासो जन्मिन्छ ।

हामी सुन्ने गर्छौं कि "बच्चा भएपछि मैले आफ्नो जीवनसाथीबाट माया, ध्यान र सुन्नेपन कम भएको महसुस गरेँ, जसले हाम्रो सम्बन्धमा चिसोपन बढेको महसुस हुँदैछ ।" "हामी भेट्दा बच्चाको कुरा मात्र गर्छौं, तर एकअर्काको मनको कुरा गर्ने समय नै हुँदैन ।"

"पहिला हामी साथी जस्तै थियौँ, अहिले हामी केवल अभिभावक जस्तो मात्र महसुस हुन्छ ।" यस्ता अनुभवहरूले सम्बन्ध टुटाउँदैनन्, तर दाम्पत्य जीवनको सम्बन्ध कमजोर बनाउँछन् ।

यससँगै, निरन्तर जिम्मेवारीले दम्पतीबीचको भावनात्मक दूरी बिस्तारै बढ्दै जान्छ, जसले आपसी समझदारीमा पनि असर पार्छ । सानो-सानो असमझदारीले ठूलो दूरीको रूप लिन सक्छ, यदि समयमै संवाद र संवेदनशीलता नअपनाइयो भने ।

वास्तवमा, प्रत्येक व्यक्तिको व्यवहार शिक्षा, वातावरण र अनुभवले निर्माण गरेको हुन्छ, त्यसैले एउटै परिस्थितिलाई पनि दम्पतीले फरक रूपमा बुझ्नु स्वाभाविक हो, तर समस्या फरक हुनु होइन—फरकलाई नबुझ्नु हो ।

आत्म-हेरचाह कुनै विलासिता वा स्वार्थ होइन, यो सम्बन्धलाई जोगाउने आधारभूत आवश्यकता हो । आफ्नो शरीरलाई आराम दिनु, पर्याप्त निद्रा लिनु, आफ्ना रुचिका गतिविधिमा समय दिनु, साथीभाइसँग खुला रूपमा कुरा गर्नु, वा केही समय आफूलाई मात्र समर्पित गर्नु, यी सबै आत्म-हेरचाहका साना तर प्रभावकारी अभ्यास हुन् ।

अपेक्षा र यथार्थबीचको द्वन्द

सम्बन्ध बिग्रिनुको अर्को गहिरो कारण हामीले गर्ने अपेक्षाहरू हुन् । विशेषगरी भावनात्मक ध्यानको अपेक्षा पूरा नहुँदा सम्बन्धमा चिसोपन बढ्छ, जब माया "महसुस" हुन छोड्छ, सम्बन्ध कमजोर हुँदै जान्छ । हामी नानीबाबु हुर्काउने क्रममा ,जिम्मेवारी पूरा गर्ने क्रममा उहाँ एउटा राम्रो बाबा आमा बन्छौ तर श्रीमान र श्रीमती पनि हौ भन्ने बिर्सन्छौ ।

यस्तो अवस्थामा दम्पतीले एकअर्काका लागि छुट्टै समय निकाल्नु सम्बन्ध बचाउने सशक्त उपाय हो. दैनिक केही समय खुलेर कुरा गर्नु, हप्तामा एकपटक सँगै बस्नु वा कहिलेकाहीँ बाहिर निस्कनुले हराउँदै गएको नजिकता पुनः फर्काउन सक्छ ।

संयुक्त परिवारमा सन्तुलन नहुँदा, विशेषगरी जब जीवनसाथीले आफूलाई 'बाहिरिया' महसुस गर्छिन्, सम्बन्धमा थप दूरी सिर्जना हुन्छ, यस्तो अवस्थामा जीवनसाथीलाई प्राथमिकता दिनु गलत होइन, जिम्मेवारी र साथको बलियो आधार हो ।

यसका साथै, अपेक्षाहरू स्पष्ट रूपमा व्यक्त नगर्दा र साना गुनासाहरू मनमै थुप्रिँदा सम्बन्धमा गलत बुझाइ झन् बढ्दै जान्छ । समयमै संवाद र पारदर्शिताले मात्र यस्तो द्वन्दलाई कम गर्दै आपसी विश्वासलाई बलियो बनाउन सक्छ ।

आत्म-हेरचाह र सम्बन्धको आधार

सन्तानपछि धेरै दम्पती आफ्नो सम्पूर्ण समय, ध्यान र ऊर्जा बच्चाको हेरचाहमा केन्द्रित गर्छन् । यो स्वाभाविक र आवश्यक पनि हो, तर यही क्रममा धेरैले आफूलाई बिर्सन थाल्छन् ।

जब व्यक्ति निरन्तर थकान, तनाव र मानसिक दबाबमा हुन्छ, उसले चाहेर पनि माया, धैर्यता र समझदारी व्यक्त गर्न सक्दैन । यसले दाम्पत्य सम्बन्धमा चिसोपन र दूरी बढाउँछ ।

त्यसैले आत्म-हेरचाह कुनै विलासिता वा स्वार्थ होइन, यो सम्बन्धलाई जोगाउने आधारभूत आवश्यकता हो । आफ्नो शरीरलाई आराम दिनु, पर्याप्त निद्रा लिनु, आफ्ना रुचिका गतिविधिमा समय दिनु, साथीभाइसँग खुला रूपमा कुरा गर्नु, वा केही समय आफूलाई मात्र समर्पित गर्नु, यी सबै आत्म-हेरचाहका साना तर प्रभावकारी अभ्यास हुन् ।

जब व्यक्ति भित्रबाट शान्त, सन्तुलित र सन्तुष्ट हुन्छ, तब उसले सम्बन्धमा पनि सकारात्मक ऊर्जा दिन सक्छ । आत्म-हेरचाहले केवल व्यक्तिगत स्वास्थ्य मात्र सुधार्दैन, यसले दाम्पत्यमा समझदारी, सहनशीलता र भावनात्मक नजिकता पनि बढाउँछ ।

अन्ततः, सम्बन्ध ठूला कुराले होइन, साना व्यवहारले टिक्छ—बुझ्नका लागि सुन्ने बानी, तनावमा पनि हल्का हाँसो राख्ने क्षमता, आपसी समझदारी र विश्वासले सम्बन्धलाई मजबुत बनाउँछ ।

सन्तान हुर्काउनु महत्वपूर्ण छ, तर सम्बन्ध बचाउनु पनि त्यत्तिकै आवश्यक छ, किनकि अन्ततः बच्चा आफ्नो यात्रामा अघि बढ्छ, तर जीवनसाथी भने तपाईंसँगै रहन्छ त्यसैले आज एकपटक गम्भीर भएर सोच्नुहोस्—के तपाईंले आफ्नो जीवनसाथीलाई उहाँ तपाईंका लागि महत्त्वपूर्ण हुनुहुन्छ भन्ने महसुस गराउनुभयो ?

(लेखक लामा स्मार्ट प्यारेन्टिङ नेपालका सहसंस्थापक तथा प्यारेन्टिङ्ग ट्रेनरका रूपमा कार्यरत छिन् ।)

# भवन निर्माण कार्य विवादमा



काँक्रेविहार संवाददाता
कालीकोट, २३ वैशाख

खाँडाचक्र नगरपालिकाले निर्माण गरिरहेको प्रशासकीय भवन राष्ट्रिय सडक मापदण्ड विपरीत रहेको आरोपपछि विवादमा परेको छ।

स्थानीयवासीले सडकको 'राइट अफ वे' अतिक्रमण गरी निर्माण कार्य अगाडि बढाइएको भन्दै विरोध जनाएका छन्।

कर्णाली राजमार्ग अन्तर्गत सुर्खेत-जुम्ला सडकखण्डको खाँडाचक्र नगरपालिका एक जिरोप्वाइन्ट क्षेत्रमा निर्माण भइरहेको भवन सडकबाट आवश्यक दूरी नछाडिएको दाबी गरिएको छ।

जानकारी अनुसार १० मिटर चौडाइको सडकमा मापदण्डअनुसार बढी दूरी आवश्यक भए पनि करिब छ मिटर मात्र छाडेर निर्माण सुरु गरिएको बताइएको छ।

यस विषयमा सडक डिभिजन कार्यालय जुम्लाले सार्वजनिक सडक ऐन, २०३१ अनुसार निर्माण कार्य तत्काल रोक्न नगरपालिकालाई निर्देशन दिएको छ।

कार्यालय प्रमुख श्रवणकुमार महताराका अनुसार भविष्यमा सडक विस्तार गर्दा समस्या नआओस् भनेर मापदण्ड अनुसार निर्माण गर्न आग्रह गरिएको हो।

यद्यपि, नगरपालिकाका इन्जिनियर सुमित भट्टले भने भवन निर्माण मापदण्डअनुसार नै भइरहेको दाबी गरेका छन्।

उनका अनुसार नगर कार्यपालिकाको निर्णयका आधारमा काम अघि बढाइएको हो र निर्माण रोक्ने कुनै योजना छैन।

करिब २५ करोड रुपियाँ लागत अनुमान गरिएको उक्त भवन निर्माण ठेक्का काठमाडौंस्थित आरएनसिएस बिल्डर्सले १९ करोडमा लिएको छ, जसलाई ४० महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

हालसम्म निर्माण कम्पनीले पेस्कीस्वरूप करिब एक करोड ५० लाख रुपियाँ लिइसकेको छ। स्थानीयवासीले भने सडक नजिकै ठूलो संरचना निर्माण गर्दा भविष्यमा सडक विस्तारमा बाधा पुग्ने र सुरक्षा जोखिम बढ्ने चिन्ता व्यक्त गरेका छन्।

निर्माणका क्रममा गरिएको खन्ने कामका कारण आसपासका घरहरू पहिरो जोखिममा परेको र केही परिवार विस्थापितसमेत हुनुपरेको स्थानीयको भनाइ छ।

प्रमुख जिल्ला अधिकारी गोकर्णराज सुयलले भने सबै संरचना कडाइका साथ मापदण्डअनुसार हटाउने हो भने जिल्लामा व्यापक असर पर्ने भन्दै सरोकारवालाबीच समन्वय आवश्यक रहेको बताएका छन्।

# अतिक्रमित वन १५ दिनभित्र खाली गर्न निर्देशन

काँक्रेविहार संवाददाता
बैतडी, २३ वैशाख

बैतडी जिल्लामा वन क्षेत्र अतिक्रमणको समस्या बढ्दै गएको छ। जिल्लाका विभिन्न स्थानमा करिब ११०.४ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको पाइएको छ।

डिभिजन वन कार्यालय बैतडीले अतिक्रमित क्षेत्र खाली गर्न सम्बन्धित व्यक्ति, संस्था तथा निकायलाई १५ दिनभित्र खाली गर्न आग्रह गरेको छ।

कार्यालयका अनुसार जिल्लाभर वन क्षेत्रमा अनधिकृत रूपमा घर, टहरा तथा अन्य संरचना निर्माण गरिएको छ।

डिभिजन वन कार्यालय प्रमुख भक्तराज गिरीका अनुसार ढोल्यामोड, गिरिजाबगर, जमिटाँड, रसेडाखाली, रुइनचौर बजार, साँफे बजार, उचापत्थर, टकरे, जुकेपानी, भड्या खोला, गर्जे, ठाँड, चाप, लमखोला, सिरोडा, मुस्याचौर, बुढीचौर, डडिया र खोचलेक लगायतका क्षेत्रमा अतिक्रमण देखिएको छ।



त्यस्तै गिवाखोला र भूमिराज सुनुवागढी लगायतका सामुदायिक वन क्षेत्र पनि अतिक्रमणको चपेटामा परेको कार्यालयले जनाएको छ।

ती स्थानमा घर-टहरा निर्माण, पक्की संरचना तथा खेतीपाती समेत गरिएको पाइएको छ। वन ऐन २०७६ को दफा ४९ (ग) अनुसार वन क्षेत्र अतिक्रमण निषेध गरिएको छ।

तोकिएको म्यादभित्र अतिक्रमित क्षेत्र खाली नगरेमा कानुनअनुसार कारबाही अघि बढाइने कार्यालयले जनाएको छ।

अतिक्रमित वन क्षेत्र खाली गराउने अभियानमा स्थानीय सरकारहरूको समेत सहयोग आवश्यक रहेको कार्यालयले जनाएको छ।

यसअघि जिल्ला प्रशासन कार्यालय बैतडीले पनि सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण हटाउन स्थानीय तहलाई कार्ययोजना बनाउन निर्देशन दिएको थियो।

# महिलामैत्री बजेट निर्माण गर्न माग

काँक्रेविहार संवाददाता
दैलेख, २३ वैशाख

दैलेख जिल्लाको गुराँस गाउँपालिकाका महिलाहरूले महिलामैत्री योजना तर्जुमा तथा बजेट निर्माणलाई प्राथमिकता दिनुपर्ने माग गरेका छन्।

पालिकामा ५२ प्रतिशतभन्दा बढी महिला जनसंख्या भए पनि सोही अनुपातमा बजेट तथा नीति कार्यक्रम निर्माण नभएको उनीहरूको गुनासो छ।

गुराँस गाउँपालिकामा आयोजित 'सामुदायिक सुरक्षा जालो तथा महिलावादी आन्दोलन सुदृढीकरण' विषयक सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागीहरूले यस्तो धारणा राखेका हुन्।

वडा नं. ३ मा सम्पन्न कार्यक्रममा स्थानीय कुशुम शाहीले पालिकाले हालसम्म प्रस्तुत गरेको बजेटमा लैङ्गिक



उत्तरदायित्व कमजोर रहेको बताए।

उनका अनुसार बजेट महिलामैत्री नहुँदा अपेक्षित परिवर्तन महसुस हुन सकेको छैन। उनले विकासलाई केवल भौतिक पूर्वाधारसँग मात्र जोडिएको भन्दै सामाजिक विकासका कार्यक्रमहरू ओझेलमा परेको बताए।

सोही वडाकी गौरी वलीले पनि महिला सम्बन्धी विषयहरू प्राथमिकतामा नपर्दा विकास प्रक्रियामा महिलाको भूमिका कमजोर भएको टिप्पणी गरे।

त्यसैगरी मीना रावलले महिलाको क्षमता अभिवृद्धि, रोजगारी सिर्जना र आयआर्जन बढाउने खालका कार्यक्रम बजेटमा समेटिनुपर्नेमा जोड दिए।

सहभागीहरूले खानेपानीको अभाव, कृषि प्राविधिक ज्ञानको कमी, स्वास्थ्य सेवामा जनशक्ति अभाव, महँगो भाडामा बिरामीलाई सुर्खेत लैजानुपर्ने बाध्यता, सीपमूलक कार्यक्रमको कमी तथा अनुदानमा पहुँच नपुगेको जस्ता समस्या पनि उठाएका थिए।

वडा नं. ३ कार्यालयले लैङ्गिकमैत्री बजेट निर्माणका लागि छलफल सुरु गरिएको जनाएको छ। वडाध्यक्ष काँशीराम शर्माका अनुसार आगामी वर्ष समुदायको हितलाई केन्द्रमा राखेर योजना, कार्यक्रम र बजेट निर्माण गरिनेछ।

साथै वडाले हाल पनि सीपमूलक तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिरहेको उनका बताए। राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशमा १२.५ प्रतिशत परिवारमा महिलाको नाममा घर वा जग्गा रहेको छ भने ६.२ प्रतिशत परिवारमा घर र जग्गा दुवै महिलाको नाममा रहेको तथ्याङ्क छ।

# शिक्षक अभावले चुनौती

काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, २३ वैशाख

सुर्खेतमा विद्यार्थी संख्याको अनुपातमा शिक्षकको पर्याप्त व्यवस्था हुन नसक्दा कर्णाली प्रदेशमा निःशुल्क शिक्षा प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन।

प्रचलित मापदण्ड अनुसार ४५ विद्यार्थी बराबर एक शिक्षक हुनुपर्ने भए पनि व्यवहारमा दरबन्दी मिलान हुन नसक्दा सामुदायिक विद्यालयहरू दबाबमा परेका छन्।

यही कारण विद्यालयहरूले "सहयोग" वा अन्य शीर्षकमा अभिभावकबाट रकम उठाउन थालेका छन्, जसले निःशुल्क शिक्षाको अवधारणामाथि प्रश्न उठाएको छ।

हाल विद्यार्थी भर्ना अभियान सञ्चालन भइरहेका बेला यस्तो समस्या झनै उजागर भएको हो। नियमनकारी निकायहरूले पनि शिक्षक अभावकै कारण निःशुल्क शिक्षा कार्यान्वयनमा चुनौती थपिएको स्वीकार गरेका छन्।

वातावरणीय कृषि तथा विकास केन्द्र (केड) ले सुर्खेतमा आयोजना गरेको 'कर्णाली प्रदेशमा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्था' विषयक कार्यक्रममा सहभागी सरोकारवालाहरूले शिक्षक व्यवस्थापनमा तीन तहका सरकारको समन्वय अभाव मुख्य समस्या भएको बताएका छन्।

वीरेन्द्रनगर नगरपालिकाका शिक्षा प्रमुख धीरेन्द्रप्रसाद शर्माले संविधानले अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गरे पनि व्यवहारमा कार्यान्वयन गर्न कठिनाइ भइरहेको बताए।



उनले शिक्षक अभावकै कारण कतिपय सामुदायिक विद्यालयले शुल्क लिनु परेको उल्लेख गर्दै पर्याप्त शिक्षक व्यवस्थापन भए निःशुल्क शिक्षा सम्भव हुने स्पष्ट पारे।

शर्माका अनुसार प्रदेश राजधानी वीरेन्द्रनगरमा अन्य जिल्लाबाट अध्ययनका लागि आउने विद्यार्थीको संख्या करिब ५० प्रतिशत छ, जसले विद्यालयहरूमा अत्यधिक चाप सिर्जना गरेको छ।

जहाँ विद्यार्थीको चाप बढी छ, त्यहीँ शिक्षक व्यवस्थापन गर्न आवश्यक छ, उनले भने। उनले शिक्षक दरबन्दी मिलानमा संवेदनशील बन्न आग्रह गर्दै शिक्षक अभाव समाधान नभएसम्म निःशुल्क शिक्षा प्रभावकारी रूपमा लागू हुन नसक्ने बताए।

प्रदेश सामाजिक विकास मन्त्रालयका निमित्त सचिव देवीप्रसाद पौडेलले शिक्षक व्यवस्थापनमा प्रदेश सरकारको भूमिका सीमित रहेको उल्लेख गर्दै सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय आवश्यक रहेको बताए।

उनले आवश्यकताका आधारमा शिक्षक व्यवस्थापन गर्नुपर्नेमा जोड दिए। चौकुने गाउँपालिकाका अध्यक्ष खड्क विकले स्थानीय तहले शिक्षक व्यवस्थापनमा खर्च गर्दा महालेखा परीक्षकको कार्यालयले बेरुजु देखाउने भएकाले समस्या भएको बताए।

उनले यसले स्थानीय तहलाई शिक्षक व्यवस्थापनमा पहल गर्न हतोत्साहित बनाएको उल्लेख गरे। यद्यपि आफ्नो पालिकाभित्रका विद्यालयहरूले शुल्क नलिएको उनको दाबी छ।

शिक्षा विकास निर्देशनालयकी निर्देशक दीपा हमालले कर्णालीमा अझै करिब पाँच प्रतिशत बालबालिका विद्यालयबाहिर रहेको जानकारी दिँदै यो संख्या क्रमशः घट्दै गएको बताइन्। विशेष गरी भारततिर रोजगारीका लागि गएका अभिभावकका बालबालिका विद्यालयबाहिर रहने गरेको उनको भनाइ छ। उनले शिक्षामा बजेट वृद्धि र शिक्षक व्यवस्थापन सुदृढ गर्न सके अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन सहज हुने बताइन्।

सामाजिक विकास मन्त्रालयका शिक्षा अधिकृत बलवीर सुनारका अनुसार कर्णाली प्रदेशको कुल बजेट ३२ अर्ब ९९ करोड रुपियाँमध्ये करिब सात प्रतिशत अर्थात् दुई अर्ब ३५ करोड रुपियाँ शिक्षा क्षेत्रमा विनियोजन गरिएको छ।

साथै, अनिवार्य तथा निःशुल्क शिक्षाका लागि चालु आर्थिक वर्षमा ८४ लाख रुपियाँ छुट्याइएको छ। समग्रमा, शिक्षक अभाव, दरबन्दी मिलानको समस्या, अन्तरसरकारी समन्वयको कमी र बजेट सीमितताका कारण कर्णालीमा निःशुल्क शिक्षा कार्यान्वयन अझै चुनौतीपूर्ण अवस्थामा रहेको देखिन्छ।

# उपभोक्ताबाट योजना नचलाउन निर्देशन

काँक्रेविहार संवाददाता
धनगढी, २३ वैशाख

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेश सरकारका कुनै पनि योजना कोटेसन प्रक्रियामार्फत कार्यान्वयन नगर्न कर्मचारीलाई निर्देशन दिएका छन्। प्रदेश सभा सदस्यसँग आगामी नीति तथा कार्यक्रम र बजेटका विषयमा भएको छलफल कार्यक्रममा मुख्यमन्त्री शाहले यस्तो निर्देशन दिएका हुन् उनले कोटेसनका नाममा हुने अनियमितता रोक्न कडाइका साथ निगरानी गरिने र नियम विपरीत कार्य गर्ने कर्मचारी माथि कारबाही हुने चेतावनीसमेत दिए मुख्यमन्त्री शाहका अनुसार २५ लाख रुपियाँ भन्दा कम लागतका योजनामा समेत अब प्रदेश सरकारले छुट्टै बजेट विनियोजन नगर्ने नीति लिइनेछ। उनले साना योजनाको व्यवस्थापनलाई पारदर्शी र परिणाममुखी बनाउने उद्देश्यले यस्तो व्यवस्था अघि सारिएको बताए। त्यस्तै उनले प्रदेशका कुनै पनि विकास



योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन नगर्ने नीति स्पष्ट पारे योजना कार्यान्वयनमा पेशागत दक्षता, गुणस्तर र पारदर्शिता सुनिश्चित गर्न ठेक्का प्रणालीलाई प्राथमिकता दिइने उनको भनाई छ। मुख्यमन्त्री शाहले प्रदेशभर बजेट वितरण समानुपातिक र सन्तुलित हुनुपर्नेमा जोड दिए। उनले कुनै पनि क्षेत्रमा पक्षपात नहुने गरी विकास बजेट विनियोजन गर्ने प्रतिबद्धता व्यक्त गरे। बजेट निर्माणलाई अझ प्रभावकारी र सहभागीमूलक बनाउन राजनीतिक दलहरूको सहभागिता रहने गरी छुट्टै बजेट सुझाव समिति गठन गर्नुपर्ने आवश्यकता रहेको उनले औंल्याए। त्यसैगरी उनले प्रदेशको विकासमा दीर्घकालीन प्रभाव पार्ने ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्रलाई विशेष प्राथमिकतामा राखिने बताए। सोही अनुसार योजना तर्जुमा गर्न उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री शिवराज भट्टलाई आवश्यक निर्देशन दिइएको पनि उनले जानकारी दिए। मुख्यमन्त्री शाहका अनुसार प्रदेश सरकारको उद्देश्य विकास कार्यलाई पारदर्शी, गुणस्तरीय र जनमुखी बनाउने हो, जसका लागि पुराना अभ्यासहरूलाई क्रमशः सुधार गर्दै लैजान आवश्यक छ।

# कार्यान्वयन हुने योजना मात्रै समावेश गर्न निर्देशन

काँक्रेविहार संवाददाता
बुटवल, २३ वैशाख

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा कार्यान्वयन गर्न नसकिने योजना तथा कार्यक्रम समावेश नगर्न निर्देशन दिएका छन् ।मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी) मा बुधबार आयोजित प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा बोल्दै उनले कार्यान्वयन गर्न सकिने र व्यवहारिक योजनालाई मात्र प्रस्ताव गर्नुपर्नेमा जोड दिए।

उनले भने काम गर्न सकिने मात्रै योजना समेट्न आवश्यक छ, कार्यान्वयन गर्न नसकिने योजना प्रस्ताव नगर्नुहोस् मुख्यमन्त्री आचार्यले योजनाको गुणस्तर र प्रभावकारिता सुनिश्चित गर्न कार्यान्वयन पक्षलाई बलियो बनाउनुपर्ने आवश्यकता औंल्याए।

उनका अनुसार बजेटमा समावेश हुने योजनाहरू कागजी नभई वास्तविक रूपमा कार्यान्वयन हुने खालका हुनुपर्छ।

बैठकमा उनले सरकारी कामकाज ढिलो हुने प्रवृत्तिप्रति असन्तुष्टि व्यक्त गर्दै फाइलहरू एक हप्ताभित्र अनिवार्य रूपमा टुंग्याउन निर्देशन दिए।

काममा ढिलाइ हुँदा विकास प्रक्रिया प्रभावित हुने भएकाले प्रशासनिक चुस्तता आवश्यक रहेको उनको भनाइ थियो।

त्यसैगरी मुख्यमन्त्री आचार्यले सुशासन प्रवर्द्धनका लागि बनेका कार्यविधिहरूको पूर्ण कार्यान्वयन आवश्यक रहेको उल्लेख गर्दै यसको सुरुवात मन्त्रालय तहबाटै हुनुपर्ने बताए।

उनले अधिकार क्षेत्रभित्रका कामहरूलाई प्रभावकारी रूपमा अघि बढाउन कर्मचारीलाई आग्रह गरे। उनले कर्मचारी प्रशासन सुधारतर्फ ध्यान दिनुपर्ने भन्दै किताबखाना व्यवस्थापन व्यवस्थित बनाउन र अवकाश कोष स्थापना प्रक्रियालाई अघि बढाउनुपर्ने आवश्यकता समेत औंल्याए। बैठकमा सहभागी विभिन्न मन्त्रालयका सचिवहरूले योजना छनोट, बजेट विनियोजन र कार्यान्वयन प्रक्रियालाई थप व्यवस्थित बनाउनुपर्ने सुझाव दिएका थिए।

उनीहरूले योजना कार्यान्वयनमा देखिने ढिलाइ र दोहोरोपन हटाउन आवश्यक सुधारको खाँचो रहेको बताएका थिए। प्रदेशका प्रमुख सचिव कृष्णप्रसाद काप्रीले मुख्यमन्त्री कार्यालयले प्रदेश सरकारका निर्णय कार्यान्वयन, कानुन निर्माण, जनशक्ति व्यवस्थापन तथा समन्वय र सहजीकरणका कामलाई व्यवस्थित रूपमा अघि बढाइरहेको जानकारी दिए।

# महिलालाई स्वरोजगार तालिम



काँक्रेविहार संवाददाता
रूकुमपश्चिम, २३ वैशाख

रुकुम पश्चिम जिल्लाको आठविसकोट नगरपालिका पाँच मा महिलाहरूको सीप विकास र आत्मनिर्भरता प्रवर्द्धन गर्ने उद्देश्यले जुत्ता तथा चप्पल बनाउने तालिम सञ्चालन गरिएको छ।

नगरपालिकाको उद्योग विकास शाखाले १० जना महिलालाई लक्षित गरी १५ दिने तालिम प्रदान गरेको हो। उद्योग विकास शाखा प्रमुख कविता बोहराका अनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको आर्थिक सहयोगमा 'औद्योगिक वातावरण सुधार : दिगो अर्थतन्त्रको आधार' भन्ने नारासहित लघु उद्यम विकास कार्यक्रम अन्तर्गत तालिम सञ्चालन गरिएको हो।

तालिमको उद्देश्य स्थानीय स्तरमै रोजगारी सिर्जना गर्नुका साथै महिलाहरूलाई आत्मनिर्भर बनाउनु रहेको जनाइएको छ।

तालिम पूरा गरेपछि सहभागी महिलाहरूले सामूहिक रूपमा व्यवसाय सञ्चालन गर्ने योजना बनाएका छन्। उनीहरूले गोतामाकोटको सिमबजार क्षेत्रमा व्यवसाय सुरु गर्न आवश्यक सामग्रीसमेत जुटाइसकेका छन्।

नगरपालिकाले व्यवसाय सञ्चालनका लागि आवश्यक मेसिन तथा औजारहरू पनि उपलब्ध गराएको छ। तालिम प्राप्त महिलाहरूले ग्राहकको मागअनुसार विभिन्न डिजाइनका जुत्ता तथा चप्पल उत्पादन गर्न सक्ने बताएका छन्, जसले स्थानीय बजारमा नयाँ अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# नेपाल-भारत रेल सेवा सुधारबारे समन्वय



❐ काँक्रेविहार संवाददाता
नेपालगञ्ज, २३ वैशाख

नेपाल-भारत सीमा क्षेत्रको सुरक्षा, आवागमन व्यवस्थापन, रेल सञ्चालन तथा द्विपक्षीय समन्वयलाई थप प्रभावकारी बनाउने उद्देश्यले रुपैडिहा स्थित इन्टिग्रेटेड चेक पोस्ट (आईसीपी)मा दुवै देशका उच्च सुरक्षा अधिकारीबीच समन्वय बैठक भएको छ।

बैठकमा भारतको सशस्त्र सीमा बल (एसएसबी) ४२औँ वाहिनी, नेपाल सशस्त्र प्रहरी बल (एपीएफ) तथा भारतको पूर्वोत्तर रेलवेका वरिष्ठ अधिकारीहरूको सहभागिता रहेको थियो। बैठकमा सीमा व्यवस्थापन, यात्रु आवागमनलाई सहज बनाउने उपाय, रेल सेवा सञ्चालन तथा सुरक्षा संयन्त्रबीच सहकार्य सुदृढ गर्ने विषयमा विस्तृत छलफल भएको सशस्त्र प्रहरी लुम्बिनी प्रदेश प्रमुख प्रहरी नायब महानिरीक्षक दिपेन्द्र कुँवरले जानकारी दिए।

एसएसबी ४२औँ वाहिनीका कमान्डेन्ट गिरीश चन्द्र पाण्डेयले बैठकको मुख्य उद्देश्य नेपाल-भारतबीचको समन्वयलाई अझ मजबुत बनाउँदै सीमा क्षेत्रमा सुरक्षा व्यवस्था र सेवा प्रवाहलाई प्रभावकारी बनाउनु रहेको बताए।

बैठकमा एसएसबीका डिआइजी वी. विक्रमन र मुन्ना सिंह, सशस्त्र प्रहरीका प्रहरी नायब महानिरीक्षक कुँवर लगायत दुवै देशका सुरक्षा निकायका उच्च अधिकारीहरूको उपस्थिति रहेको थियो।

त्यस्तै भारतीय रेलवेका सिनियर डिभिजनल अपरेसन म्यानेजर अनुजकुमार सिंह तथा यातायात विभागका अधिकारीहरू पनि सहभागी थिए।

बैठकपछि सहभागी अधिकारीहरूले रुपैडिहास्थित नवनिर्मित नेपालगन्ज रोड रेलवे स्टेसनको स्थलगत निरीक्षण गरेका थिए। निरीक्षणका क्रममा स्टेसनको पूर्वाधार, सुरक्षा व्यवस्था तथा सञ्चालन तयारीबारे जानकारी लिइएको थियो।

त्यस अवसरमा नेपाल-भारत रेल कनेक्टिभिटी, नेपालसम्म भारतीय रेल सेवा विस्तार तथा सम्बन्धित पूर्वाधार परियोजनाबारे समेत छलफल भएको जनाइएको छ।

भारतीय रेलवेका सिनियर डिभिजनल अपरेसन म्यानेजर सिंहले यसै महिनाको अन्त्यसम्म नेपालगन्ज रोडबाट रेल सेवा सञ्चालन हुने अपेक्षा गरिएको जानकारी दिए। सेवा सुरु भएपछि देखिने व्यवहारिक समस्या आवश्यक अनुसार सुधार गर्दै लैजाने उनको भनाइ थियो। कार्यक्रममा एसएसबीका डिप्टी कमान्डेन्ट शशि भूषण, सहायक कमान्डेन्ट अमित कटियार, सुनील कुमार, शान्ति लगायत सुरक्षा अधिकारी तथा नानपारा रेलवे पुलिस फोर्सका प्रभारी उपनिरीक्षक धनवन्त सिंहसहित अन्य कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो।

दुवै देशका अधिकारीहरूले सीमा क्षेत्रमा शान्ति, सुरक्षा, आपसी सहकार्य र वातावरणमैत्री पहललाई प्रवर्द्धन गर्दै द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

# सीमापासबाट चार सय लाभान्वित

❐ काँक्रेविहार संवाददाता
हुम्ला, २३ वैशाख

नाम्खा गाउँपालिकाका स्थानीयहरूले अब सीमापास लिन सदरमुकाम धाउनुपर्ने बाध्यता हटेको छ। जिल्ला प्रशासन कार्यालयले गाउँगाउँमै टोली खटाएर सीमापास वितरण गरेपछि सेवाग्राहीहरूले आफ्नै बस्तीमा सेवा पाएका हुन्।



एकदेखि डेढ दिनसम्म पैदल यात्रा गरेर सिमकोट पुग्नुपर्ने समस्यालाई ध्यानमा राख्दै तीन दिने शिविर सञ्चालन गरिएको सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्र चन्दले जानकारी दिए।

शिविरमार्फत चीनको ताक्लाकोट जान आवश्यक सीमापास वितरण गरिएको हो। प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीको पहलमा सञ्चालन गरिएको शिविरमा दुई दिन चन्द र एक दिन स्वयं प्रमुख जिल्ला अधिकारी रेग्मीले सीमापास वितरण गरेका थिए।

यसबाट कुल चार सय जना सेवाग्राही लाभान्वित भएका छन्। वितरण गरिएका सीमापासमध्ये ५८ जना नयाँ सेवाग्राही रहेका छन् भने तिन सय ४२ जनाले नवीकरण गरेका छन्।

सेवाग्राहीमध्ये ८९ वर्षीया एक महिलाले समेत सीमापास लिएकी छन्। नाम्खा गाउँपालिकाका याल्वाङ, मुचु, यारी र हिल्सा बस्तीमा पुगेर सेवा प्रदान गरिएको हो।

स्थानीयका अनुसार यस सेवाबाट प्रति व्यक्तिले १२ देखि १४ हजार रुपैयाँसम्म खर्च बचत भएको छ, जुन रकम यसअघि सदरमुकाम आउजाउ र बसाइमा खर्च हुने गरेको थियो। स्थानीयले यस्ता शिविरलाई हरेक वर्ष निरन्तर सञ्चालन गर्न सुझाव दिएका छन्।

# घरदैलोमै राहदानी वितरण सुरू



❐ काँक्रेविहार संवाददाता
जुम्ला, २३ वैशाख

नागरिकलाई सहज सेवा प्रदान गर्ने उद्देश्यले घरदैलोमै राहदानी वितरण कार्य सुरु गरिएको छ। सरकारको शासकीय सुधारअन्तर्गतको सय कार्यसूचीअनुसार सेवा प्रवाहलाई नागरिकमैत्री बनाउने अभियानमा यो पहल गरिएको हो।यसका लागि जिल्ला प्रशासन कार्यालय जुम्ला र जिल्ला हुलाक कार्यालयबीच बुधबार समझदारी भएको छ। समझदारीअनुसार हुलाक कार्यालयका एक कर्मचारी जिल्ला प्रशासनमै बसेर समन्वय गर्ने छन् प्रशासनले तयार भएका राहदानी हुलाक कार्यालयलाई हस्तान्तरण गर्ने र हुलाक कर्मचारीले ती राहदानी सम्बन्धित नागरिकको घरमै पुगेर वितरण गर्ने व्यवस्था गरिएको छ। प्रमुख जिल्ला अधिकारी दीपक पौडेलका अनुसार अब जिल्लाका आठै स्थानीय तहका नागरिकले घरमै राहदानी पाउनेछन्। राहदानी बुझ्दा सेवाग्राहीले ५५ रुपैयाँ शुल्क तिर्नुपर्नेछ र वितरणअघि सम्बन्धित व्यक्तिको तीन पुस्ते विवरणसमेत प्रमाणीकरण गरिनेछ। यसअघि राहदानी लिन सदरमुकाम सम्म आउनुपर्ने, यातायात र बसाइ खर्च व्यहोर्नुपर्ने बाध्यता थियो। नयाँ व्यवस्थासँगै नागरिकले समय र खर्च दुवै बचत गर्ने अपेक्षा गरिएको छ। जिल्ला हुलाक कार्यालयका निमित्त प्रमुख गणेशदत्त रावलले प्रशासनबाट प्राप्त राहदानीहरू तीन दिनभित्र हल्कारा मार्फत सम्बन्धित सेवाग्राहीको घरमै पुऱ्याइने जानकारी दिएका छन्।

# कुपोषित आमा र शिशुलाई रेफर



❐ काँक्रेविहार संवाददाता
सिमकोट, २३ वैशाख

ताँजाकोट गाउँपालिकामा कुपोषण समस्या गम्भीर देखिएपछि ११ जना शिशु र १० जना आमालाई उपचारका लागि जुम्ला पठाइएको छ।

गाउँपालिकाका विभिन्न बस्तीमा गरिएको पोषण लेखाजोखाका क्रममा पाँच वर्षमुनिका बालबालिकामा अति कुपोषण भेटिएपछि उनीहरूलाई थप उपचारका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको पोषण पुनर्स्थापना केन्द्रमा रेफर गरिएको हो।

स्वास्थ्य शाखाका खोप तथा पोषण सम्पर्क व्यक्ति धनराज ढकालका अनुसार पहिलो चरणमा उच्च जोखिममा रहेका आमा र शिशुलाई प्राथमिकताका साथ जुम्ला पठाइएको हो।

यसअघि स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाले घरदैलोमै पुगेर पोषण अवस्था परीक्षण गरी कुपोषित बालबालिका पहिचान गरेका थिए।

रेफर गरिएका आमा-शिशुको प्रतिष्ठानमा निःशुल्क उपचार तथा स्याहार हुने व्यवस्था गरिएको छ। उनीहरूलाई लिन प्रतिष्ठानको गाडी नै हुम्ला पुगेको थियो।

# समन्वय परिषद्को ११औं बैठक सुरू

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २३ वैशाख

कर्णाली प्रदेश समन्वय परिषद्को ११औँ बैठक सुर्खेतको वीरेन्द्रनगरमा बसेको छ। मुख्यमन्त्री यामलाल कँडेलको अध्यक्षतामा आयोजित बैठकमा प्रदेश र स्थानीय तहबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउने विषयमा केन्द्रित छलफल भएको थियो।

बैठकमा अघिल्लो (१०औँ) बैठकका निर्णयहरूको समीक्षा गरिनुका साथै स्थानीय तहका कर्मचारीहरूको विवरण, कामकाजको अवस्था र प्रदेश तथा स्थानीय तहबाट सञ्चालन भइरहेका विकास आयोजनाहरूको समन्वयबारे विचार-विमर्श भइरहेको छ।

साथै, साझा अधिकारका विषय, स्थानीय तहबाट प्रदेशलाई पठाइने राजस्व तथा आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट निर्माण प्रक्रियाबारे पनि छलफल गरिने जनाइएको छ।

प्रदेश सरकारका प्रमुख सचिव वीरेन्द्रकुमार यादवका अनुसार बैठकले प्रदेश-स्थानीय तहबीचको समन्वयलाई थप सुदृढ बनाउने, बेरुजु फछ्र्योट सम्बन्धी क्षमता विकास गर्ने, स्थानीय तहका कानुनहरूको प्रदेशस्तरमा अभिलेखीकरण गर्ने तथा कानुन निर्माण प्रक्रियालाई व्यवस्थित बनाउने विषयमा निर्णय लिने अपेक्षा गरिएको छ।

बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री राजीविक्रम शाह, परिषद्का सदस्यहरू तथा नगरपालिका महासङ्घ, गाउँपालिका महासङ्घ र जिल्ला समन्वय समिति महासङ्घका प्रतिनिधिहरू आमन्त्रित सदस्यका रूपमा सहभागी भएका छन्।

घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौँ।

हुलाक निर्देशनालय, सुर्खेत
सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/१/२४**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री प्रकाश शाही समेत २ जना** धनी रहेको, **दर्ता नम्बर** १४६५१/०८२/०८३ बाट **वीरेन्द्रनगर न.पा.-४ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **न्यू पञ्चकोशी यू.पि.भि.सि. आल्मोनियम तथा ग्रिल उद्योग** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## बहुप्रकोप....

अत्यावश्यक छ।

विशेषगरी लैङ्गिक समानता, अपाङ्गता समावेशी तथा सामाजिक समावेशीता केन्द्रित उत्तरदायी पहलहरूलाई नीति तथा कार्यक्रमको मूलधारमा समावेश गर्दै महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षा तथा सहभागितालाई प्राथमिकतामा राख्न सकिएमा विपद् व्यवस्थापन अझ समावेशी र प्रभावकारी बन्न सक्छ।

यी सबै कदमहरू प्रभावकारी रूपमा कार्यान्वयन भएमा वीरेन्द्रनगरलाई केवल सुरक्षित मात्र होइन, दीर्घकालीन रूपमा जलवायु-सहनशील, समावेशी र व्यवस्थित शहरी केन्द्रका रूपमा रूपान्तरण गर्न सकिने स्पष्ट सम्भावना देखिन्छ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)